# नेपालमा कानुनि शिक्षाको गुणस्तर विकाशको आवश्यकता र सम्भावना

*डा. यवराज संग्रौला* *

* प्राध्यापक, अन्तराष्ट्रिय कानुन तथा कानुन दर्शन, काठमाडौं स्कुल अफ ल

Email: yubaraj.sangroula@ksl.edu.np

# नेपालमा कानूनी शिक्षाको गुणस्तर विकासको आवश्यकता र सम्भावना



युवराज संग्रौला
निर्देशक, काठमाडौं स्कूल अफ ल

बेलायतका प्रख्यात नाटककार सेक्सपीयरले आफ्ना नाटकका पात्रहरू तथा उनीहरूले प्रयोग गर्ने सम्वादमा कानून र न्यायका विषयवस्तुलाई रोमाञ्चक ढंगबाट प्रस्तुत गरेका छन् । अंग्रेजी साहित्यमा कानूनका विषयवस्तुले अर्थपूर्ण स्थान हासिल गरेका छन् । विषयवस्तुको तथ्य पक्षको वस्तुनिष्ट ज्ञान र त्यसलाई तर्कपूर्ण एवम् विवेकसंगत ढंगले प्रस्तुत गर्ने 'कला र सीप' का पारखीहरूलाई 'कानूनविद्' वा वकीलको संज्ञा दिने प्रचलनसँगै पश्चिमी मुलुकहरूमा त्यस्ता व्यक्तिहरूको उत्पादन गर्ने शैक्षिक प्रतिष्ठानहरूको विकास भएको पांइन्छ । आजभन्दा २/४ सय वर्ष पहिलासम्म त विश्वविद्यालयहरूको आधिकारिक मान्यता नै 'जुरिसप्रुडेन्स' (कानूनशास्त्र)[1] को अध्ययन र अत्यापनमा दखल हुनुमा निहित रहेको हुन्थ्यो । एक समयमा 'वोलगाना स्कूल अफ ल'[2] यूरोपमा प्रख्यात थियो, यसको विशिष्टता कानूनको अध्ययन र अनुसन्धानमा निहित थियो । यूरोपका तत्कालीन साम्राज्यहरू आफ्ना अधिकारीहरू त्यस शैक्षिक प्रतिष्ठानमा पढून् र कानूनका विशेषज्ञ बनून् भन्ने चाहन्थे ।

*विद्यार्थीले समय र समस्याको मागअनुरूप के सिक्नुपर्ने हो र उसले त्यो कसरी सिक्न सक्दछ, त्यो महत्त्वपूर्ण मानिँदैन । बरू विद्यार्थीले त्यो सिक्न बाध्य हुनुपर्दछ जो शिक्षकले जानेको छ । शिक्षकले जे जानेको छ त्यो मात्रै सत्य हो भन्ने ठानिन्छ ।*

बेलायतमा १६औं शताब्दीतिर नै कानूनको शिक्षा अत्यन्त लोकप्रिय एवम् सम्मानीत मानिन्थ्यो । यूरोपीयन राज्यहरूले आफ्नो ज्ञानको भण्डार वास्तवमा कानूनका बारेमा भएका दार्शनिक अध्ययनहरूबाट नै विकास गर्न सके । प्लेटोदेखि रुसो र वेन्थम हुँदै एच.एल.ए. हार्ट र अमेरिकामा जोन रावलका सिद्धान्तहरूले कानूनको विषयमा हुनुपर्ने खोज र अनुसन्धानलाई शिखरमा पुऱ्याएका छन् । यसले यूरोप र अमेरिकामा सामाजिक, आर्थिक एवम् राजनीतिक विकासका लागि बलियो आधार सिर्जना गरेका छन् । ती दर्शनहरूको प्रभावकारिता आफ्ना ठाउँमा होला नहोला । तर, तिनीहरूको विश्लेषण गर्दै कानूनशास्त्र एक महत्त्वपूर्ण सामाजिक विज्ञानका रुपमा विकास हुनुमा त्यहाँका शैक्षिक संस्थाहरूले मूर्धन्य भूमिका खेलेका छन् ।

पश्चिमी कानूनी व्यवस्थाको सुदृढ विकास र कानून विषयको अध्ययन-अध्यापनमा महानतम् मान्यताका पछाडि केही महत्त्वपूर्ण कारणहरू छन्, जसका बारेमा हाम्रो जस्तो नकारात्मक र दासतापूर्ण मनोविज्ञान दिनदिनै हावी हुँदै गएका समाजमा व्यापक छलफल शुरु हुनु आवश्यक छ । ती हुन्-

(१) कानून र न्याय व्यवस्था राज्यको वैधानिकता (Legitimacy) को आधार मानिएका हुँदा राज्यले नै त्यस्ता विद्वान्हरूको चाहना राख्दथ्थे, जसले गर्दा सामाजिक वैधानिकतादेखि व्यापारका क्षेत्रमा समेत अरु राज्यहरूसँग कुशल प्रतिस्पर्धा गर्न सकियोस् । अत: कानूनविद्को उत्पादनलाई राज्यले नै प्राथमिकता प्रदान गरेको पाइन्छ ।

(२) कानून र न्याय वैधानिक व्यवस्थाका संरचनात्मक आधार मानिएको हुँदा त्यसका व्याख्याताको दक्षतामा राज्य र समाजले सम्झौता गरेन । परिणामस्वरुप विश्वविद्यालयहरूले कानूनको शिक्षालाई आवश्यकतामात्रै होइन गौरवका रुपमा प्रस्तुत गरे । असल कानूनविद् राज्यको प्रजातन्त्र र न्यायप्रणालीको खम्वा हो भन्ने कुरालाई राज्यले आत्मसात् गरेको पाइन्छ ।

(३) जब बेलायतमा कोक र लर्ड डेनिङ्ग जस्ता न्यायाधीशहरू जन्मिए, त्यहाँका विश्वविद्यालयहरू राज्यबाट पुरष्कृत भए । विश्वविद्यालयहरूको मान्यता समाजमा नै स्थापित हुन गयो ।

हाम्रो जस्तो समाजले यी सकारात्मक विषयलाई रुचाएन र अहिलेसम्म पनि रुचाएको छैन ।[3] खासगरी नेपाली समाजको चरित्र हेर्ने हो भने अनुभवबाट देखिएको छ- यो कानूनी शिक्षाको आधुनिक विकासप्रति असहयोगी मात्रै छैन, नकारात्मक पनि छ । कानून र न्यायप्रति नेपाली समाजको दृष्टिकोण विडम्बनापूर्ण रहेको छ । यसले अहिलेसम्म पनि सामाजिक विकासको दिगोपन र संस्थापनमा कानूनको विकास र कानूनविद्हरूको दक्षताको महत्त्वलाई चिन्न खोजिरहेको छैन र कानून र न्यायका आधारभूत चरित्रहरूप्रति नकारात्मक मान्यता राख्दछ । कानूनको अभिन्न सम्बन्ध विकासका प्रत्येक पक्षसँग रहेको छ भन्ने कुरालाई नेपाली राज्य व्यवस्थाले स्वीकार गरेको छैन ।[4] केही अनुवहरूलाई उदाहरणका रुपमा प्रस्तुत गर्न सकिन्छ । जस्तै:

(१) सरकारका निकायहरू नै न्यायपालिकामाथि विश्वास गर्दैनन् । उनीहरूका मान्यतामा स्वतन्त्र न्यायपालिका राज्यको लागि समस्या हो । स्वयम् न्यायपालिका पनि आफ्नो इज्जत र मर्यादा आफ्ना गुणहरू र विशेषताहरूको सुदृढीकरणमा भन्दा कार्यपालिकाको नजिकमा बसेर हैसियत प्राप्त गर्नुमा निहित रहेको देख्दछ । यस्ता अवस्थामा कानूनको प्रभावकारिता र न्यायको स्वच्छता अर्थहीन रहन्छ । र, त्यसले कानूनविद्हरूको गरिमालाई न्यूनीकरण गर्दछ र कानूनविद्हरूलाई भ्रष्ट तथा अनैतिक बन्न प्रेरित गर्दछ ।

(२) कानूनको अर्थहीन वा औपचारिक प्रयोगले

प्राथमिकता पाएको छ। कानूनको व्यवस्था विकास र परिवर्तनलाई संरक्षण गरी समाजको गतिशीलतालाई संरक्षण गर्नुभन्दा औपचारिकताको पुष्टि गर्नमा अदालतहरू केन्द्रित हुने गर्दछन्। अतः अदालतहरू न्यायमा होइन फैसलामा केन्द्रित रहन्छन्। यस्ता अवस्थामा विद्वता होइन चातुर्यताले प्राथमिकता पाउँछ।

(३) कानूनी शिक्षाको वैज्ञानिक पक्षमा होइन, औपचारिक पक्षमा जोड दिइन्छ। त्यसैले कानूनको पठन-पाठका पद्धतिमा भन्दा, संरचनामा पटक-पटक परिवर्तन हुन्छ।

उपरोक्त फेहरिस्तलाई लामो पार्न सकिन्छ। सारमा भन्दा कानून नै प्राथमिकताको विषय नभएपछि कानूनको शिक्षा प्राथमिकताभित्र पर्ने त सम्भावना नै रहँदैन। यस वास्तविकतालाई धेरै केलाइरहने आवश्यकता छैन। नेपालमा कानूनी शिक्षाको करीब ५० वर्ष पुरानो संस्थागत संरचनालाई केलाउने हो भने केही विशेषताहरू देखिन्छन्, जसले एकातर्फ यसको संस्थागत विकासलाई गम्भीररुपमा आघात पारेको छ भने अर्कातर्फ गुणात्मक विकासका सम्भावनाहरूप्रति हाँकको सिर्जना गरेको छ। निम्न कुराहरूलाई उदाहरणका लागि प्रस्तुत गर्न सकिन्छ :-

(१) राज्य र विश्वविद्यालयहरू दुवैले कानूनी शिक्षालाई न्यूनतम प्राथमिकताभित्र समेत राखेका छैनन्। यसको व्यावसायिक र विशिष्ट समाज वैज्ञानिक पक्षप्रति न्यूनतम् ध्यान समेत दिएका छैनन्। कानूनको शिक्षा औपचारिकतामा जकडिएको छ। असल र गुणी विद्यार्थीले कानून पढ्नु हुँदैन भन्ने भावना व्यापक छ।

(२) कानूनका जनशक्तिमा रहने कमजोरी र न्यूनताले सिर्जना गर्ने गम्भीर समस्याहरूप्रति राज्य र विश्वविद्यालयले सोच राख्नुपर्ने आवश्यकता नै देखेका छैनन्। नेपालको कानून र न्यायका क्षेत्रमा देखिएका गम्भीर विचलनका घटनाहरू, जिम्मेवारविहीनता, अपारदर्शीता र दक्षताविहीनता जस्ता समस्याहरू कानूनी शिक्षाका कमजोरी हुन् भन्ने कुरालाई आत्मसात् गर्नुपर्ने आवश्यक छ। तर, अझै सुदूर निवर्तमानतर्फ जाने हो भने कानूनी शिक्षाका ती त्रुटिहरू आफैं राज्यका र विश्वविद्यालयहरूका कानूनी शिक्षाप्रतिका रुढीवादी एवम् विवेकहीन सोचाइका परिणति हुन् भन्न सकिन्छ। यस सोचाइको मारमा राम्रा विद्यार्थीहरू शिकार हुन्छन्। उदाहरणका लागि *एसएलसी*को बोर्डमा प्रथम स्थान हासिल गर्ने गरिमा राणा *बीएल*को परीक्षामा प्रथम भइनन् किन ? यो प्रश्नको उत्तर कानूनी शिक्षाप्रतिको नकारात्मक दृष्टिकोणमा निहित रहेको छ।

(३) कानूनी शिक्षा व्यावसायिक शिक्षा हो र त्यसको प्रयोग प्रत्यक्षतः व्यावहारमा उत्रिन्छ। यस अर्थमा उपभोक्ता समूह र निकायहरूको यसप्रति प्रत्यक्ष र सहयोगात्मक भूमिका रहन्छ। तर नेपालमा कानूनी शिक्षाले यो अवसर प्राप्त गर्न सकेको छैन। संख्यात्मकरुपमा कानूनी जनशक्ति बढी खपत गर्ने बारको यसप्रति सहयोगात्मक भूमिका छैन। बौद्धिक र आर्थिक लगानीको कुरा त धेरै परको कुरा हो। चासो र रचनात्मक सल्लाहको अपेक्षासम्म गर्न कठिन छ। अन्य निकायहरू न्यायपालिका, महान्यायाधिवक्ता तथा कानून मन्त्रालयहरूको संलग्नता पनि शून्यप्रायः छ। उनीहरूको यसप्रति चासोसम्म पनि छैन भन्न सकिन्छ।

समग्रमा भन्नु पर्दा कानूनका शिक्षण संस्थाहरू यसका उपभोक्ताबाट अलग्गिएका छन्। ती संस्थाहरू शिक्षाको गुण र स्तरमा कमजोरी भएको गुनासो गर्दछन् र आलोचनाका थुप्रै आधार एवम् कारणहरू उनीहरूसँग छन्। तर, ती शिक्षण संस्थाहरूको समस्या र अभावका बारेमा उनीहरू अनभिज्ञ छन् र उनीहरूको चासो पनि छैन। वस्तुतः नेपालमा कानूनको शिक्षा धरासायी हुने अवस्थामा पुगेको छ र भविष्यमा कानूनी जनशक्तिको अभाव हुने कुरा अब प्रष्ट देखिएको छ।

**हाँकहरू**

२०४७ सालको प्रजातान्त्रिक परिवर्तनपश्चात् नेपाली समाजका धेरै चरित्रहरूमा परिवर्तन आएको छ। वर्तमान विश्वको तीव्र भूमण्डलीकरण र बढ्दो अन्तर्निर्भरताका आवश्यकताहरूले नेपाल जस्ता कम विकसित राष्ट्रहरूलाई बढी प्रभावित पार्नु स्वाभाविकै छ। यस परिदृश्यमा कानूनी शिक्षाले समेत थप निम्न हाँकहरूको सामना गर्नसक्ने हुनुपर्ने बाध्यता छ-

(१) नेपालले संयुक्त राष्ट्रसंघद्वारा पारित सबै आधारभूत मानवअधिकारका सन्धिहरूको अनुमोदन गरेको छ ती सन्धिहरूलाई व्यवहारमा संयोजन गर्दै कानून र न्याय व्यवस्थामा आमूल परिवर्तन गर्नुपर्ने आवश्यकता छ। विगतका पाँच दशकमा कानून र न्यायप्रतिका मान्यताहरूमा आमूल परिवर्तनहरू भएका छन्। राज्यको निरपेक्ष सार्वभौमसत्ताका सिद्धान्तमा आधारित कानूनी व्यवस्था एवम् न्यायप्रणालीका मान्यताहरू अब धेरै पुराना भइसकेका छन्। अन्तर्राष्ट्रिय कानूनले राज्यका कानूनभन्दा बढ्ता प्राथमिकता पाएका छन्। सन्धि ऐन, २०४९ को दफा ९ ले यस विकासलाई नेपालमा लिखितरुपमा आत्मसात् गरिसकेको 'छ। यस अवस्थामा भविष्यमा न्यायिक र कानूनी क्षेत्रमा नेतृत्व लिनुपर्ने जनशक्तिले जान्नु र सिक्नुपर्ने कुराहरूमा आमूल परिवर्तन भइसकेको छ। अतः यस अवस्थामा नेपाली कानूनी शिक्षा विश्वमान्य मानवअधिकारका आधारभूत अवधारणा अनुकूल हुन सकेन भने नेपालले आमअन्तर्राष्ट्रिय समुदायसँग अलग्गिएर बस्नुपर्ने समय आउने कुरा प्रष्ट छ। यस परिप्रेक्ष्यमा नेपाली कानूनी शिक्षाको शैक्षिक पाठ्यक्रम र पठन-पाठनका पद्धतिहरूमा पूर्णः परिवर्तन गर्नुपर्ने बाध्यता छ। यसको अभावमा निम्न समस्याहरू टडकारो देखिएका छन्-

(क) अन्तर्राष्ट्रिय अभिलेखअन्तर्गत पालना गर्नुपर्ने दायित्त्वहरू चिनारी गर्ने र त्यस्ता कार्यहरू दतारुकताका साथ सम्पादन गर्ने जनशक्तिका अभावले गर्दा कानूनको गहिरो अध्ययन गरी सुधारका कार्यक्रमहरू सम्पादन गर्नमा प्रष्टरुपमा कमजोरी देखिएका छन्।

(ख) मावनअधिकारको उल्लंघनमा नेपाल सर्वत्र बदनाम भएको छ। मानवअधिकारसम्बन्धी अभिलेखहरूको प्रगतिशील व्याख्याद्वारा नेपाली कानूनी व्यवस्थाको परिमार्जन गर्नसक्ने जनशक्तिको ठूलो अभाव खड्किएको छ।

(ग) प्रजातान्त्रिक व्यवस्थाको अस्तित्व, विकास र संवर्द्धन मानवअधिकारको संरक्षण र संवर्द्धनमा अन्तर्निहित रहेको छ। तर, प्रजातान्त्रिक व्यवस्थाका मर्मअनुसार कानूनी

र संविधानको व्याख्या गर्न सक्ने जनशक्तिको अभावले प्रजातान्त्रिक व्यवस्थामा नै आघात पर्न गएको छ।

(२) व्यापार एवम् अन्तर्राष्ट्रिय अर्थतन्त्रको व्यापक आधुनिकीकरण, विस्तार एवम् खुल्ला प्रतिस्पर्धाका कारणले गर्दा, नेपाल जस्ता आर्थिक विकासमा कमजोर एवम् स्रोतहरूको व्यवस्थापन र संरक्षणमा सीप एवम् ज्ञानमा कमी भएका राष्ट्रका लागि गम्भीर हाँक खडा भएका छन्। विश्व व्यापार संगठन (WTO) को सदस्यता ग्रहण गरेपछि नेपालले एकातर्फ आफूलाई विकसित राष्ट्रहरूसँग व्यापारमा प्रतिस्पर्धा गर्न स्वीकार गरेको छ र अर्कातर्फ त्यसबाट पर्नसक्ने नकारात्मक असर ग्रहण गर्न पनि स्वीकार गरेको छ। तर, आफ्नो हितको संरक्षण गर्न भने कुनै तयारी गरेको छैन। कानून व्यवसाय जस्ता व्यवसायमा पनि नेपालले आफ्नो हितमा कठोर प्रतिस्पर्धामा उत्रिनुपर्ने अवस्था छ भने प्रतिस्पर्धा र खुल्ला व्यापारमा राज्यको हित संरक्षण गर्न निकै ठूलो संख्या र अधिकतम दक्षता भएका कानून व्यवसायीहरूको उत्पादन गर्नुपर्ने बाध्यता छ। यस परिप्रेक्ष्यमा कानूनी शिक्षाको सुधार र परिमार्जन नै नेपाल सरकारको पहिलो प्राथमिकता हो र थियो भन्न सकिन्छ। तर, सरकारले त्यसो गर्न चाहेन, जानेन वा थाहा नै पाएन। परिणामस्वरुप नेपालका लागि हानिकारक हुन सक्ने प्रष्ट देखिएको छ। यस परिप्रेक्षमा निम्न हाँकहरू टड्कारा छन्-

(क) खुल्ला र प्रतिस्पर्धात्मक व्यापारका कारणले, विभिन्न देशका कानूनी प्रक्रियामा नेपाली कानून व्यवसायीहरूले नेपालको तर्फबाट प्रतिनिधित्व गर्नुपर्ने हुन जान्छ। तर, अन्तर्राष्ट्रिय भाषाको प्रयोगमा नेपालका कानून व्यवसायीको दक्षतामा निकै ठूलो कमजोरी एकातर्फ छ भने विषयगत दक्षताको पनि ठूलो अभाव छ। यसले गर्दा नेपाली कानून व्यवसायीहरू व्यापकरुपमा विस्थापित हुनुपर्ने वा विदेशी कानून व्यवसायीका सहायक भई काम गर्नुपर्ने बाध्यतालाई राज्य र बारले महसूस गर्न सकिरहेको देखिँदैन। यदि कानूनी शिक्षाको समग्र एवम् विशिष्ट सुधार गर्दै आगामी १० वर्षमा अन्तर्राष्ट्रिय स्तरमा नेपालको गुणयुक्त प्रतिनिधित्व गर्न सक्ने कानूनविद्हरू तयार गर्न सकिएन भने *डब्लूटीओ* (WTO) ले नेपालको अस्तित्वमा नै प्रश्न उठाउनेछ।

(ख) खुल्ला व्यापारकै सन्दर्भमा नेपालका परम्परागत उत्पादन, प्रविधि र ज्ञानका विषयवस्तुको अन्य राष्ट्रहरूले प्रतिलिपि अधिकार दर्ता गर्न थालिसकेका हुँदा नेपालले आफ्नै वस्तु, प्रविधि वा ज्ञानको अधिकार गुमाउनुपर्ने अवस्था छ। तर, त्यस्ता कुराहरूमा चासो दिने, कानूनी प्रक्रिया सञ्चालन गर्नसक्ने र नेपालको हित संरक्षण गर्नसक्ने कानून व्यवसायीको अभाव रहेको छ। यस परिप्रेक्ष्यमा पनि कानूनी शिक्षाको सुधार सरकार एवम् विश्वविद्यालयको प्राथमिकताका क्षेत्र हुनु आवश्यक छ।

(३) यस्तै आवश्यकताहरू फौजदारी एवम् देवानी कानूनका राष्ट्रिय क्षेत्राधिकारभित्र पनि छन्। हालको कानून व्यवसायको स्तरमा व्यापक सुधार हुनुपर्ने अपेक्षा समाजको छ। बारले आफ्नो दक्षताको विकासमा कानून शिक्षण संस्थाहरूसँग सहकार्य गर्नुपर्दछ भन्ने कुरामा विवाद गर्न नसकिएला। खासगरी विवादको निराकरणमा ढिलाइ, अदालतभित्र सानादेखि ठूला अनियमितताहरू र अदालतका कर्मचारी र कतिपय न्यायाधीशहरूमा रहेको परम्परावादी जडवादी मान्यताले 'न्याय माग्ने' प्रक्रिया शारीरिक, आर्थिक र मानसिक यातनाको स्रोत बनेका छन्। यदि यी समस्याको सक्रिय समाधान दिनसक्ने नयाँ पुस्ताको निर्माण गर्न सकिएन भने नेपालको कानून र न्याय व्यवस्था धरासायी हुनेछ।

**कानूनका शिक्षण संस्था र पाठ्यक्रमको सिंहावलोकन**

नेपालमा कानूनी शिक्षाको पाठ्यक्रम व्यवस्थित र वैज्ञानिक छैन। यता विगत केही वर्षमा पूर्वाञ्चल विश्वविद्यालयले कानूनको ५ वर्षे कार्यक्रम प्रारम्भ गरेपछि पाठ्यक्रमको गुणका बारेमा छलफलको शुरुवात भने भएको छ। शिक्षण कार्यमा विषय (Contents) र शिक्षण विधि (Teaching Methods) का बीचमा अन्योन्याश्रित सम्बन्ध रहन्छ। उत्कृष्ट विषयवस्तु पनि उचित विधिको अभावमा प्रभावहीन रहन्छ वा अर्थविहीन बन्दछ। विषयवस्तुको अभावमा विधिले मात्रै पनि पुग्दैन। तर पनि शिक्षण विधि उचित र प्रभावकारी छ भने विषयवस्तुका धेरै कमजोरीहरू सहजरुपमा समाधान गर्न सकिन्छ। यस परिप्रेक्ष्यमा *त्रिवि*ले सञ्चालन गरेको कानूनी शिक्षाको निरन्तर गुणस्तर स्खलनको क्रममा छ। विषयवस्तु र पाठ्यक्रम संरचनामा होइन, शिक्षण पद्धतिमा बढी कमजोरीहरू रहेका छन्, जसलाई निम्न बुँदामा व्यक्त गर्न सकिन्छ-

(क) कानूनी शिक्षा व्यावसायिक शिक्षा हो। अतः यसको पठन-पाठन पूर्णतः अनुसन्धानमूलक हुन आवश्यक छ। यसको ठीक विपरीत बेलायती औपनिवेशिक प्रणालीमा आधारित भारतीय विश्वविद्यालयबाट सोझै ग्रहण गरिएको कक्षा कोठामा शिक्षकका व्याख्यान सीमित (Insulated) गरिएको परम्परागत व्याख्यान प्रणालीमा आधारित पठन-पाठनले विद्यार्थीहरूलाई सिर्जनशील, खुल्ला मनस्थिति भएको र जाँगरयुक्त व्यक्ति होइन 'टेपरेकर्डर' बनाउँछ।[४] *त्रिवि*ले सञ्चालन गरिआएको पद्धति त्यस अर्थमा परम्परावादी प्रणाली हो। यस पद्धतिमा विद्यार्थीहरूको व्याख्यान सुन्ने र टिपोट गर्ने, परीक्षामा अन्तिम दिनमा *नोटबुक* घोक्ने र *गेसपेपर* पढ्ने अवैज्ञानिक पद्धतिका शिकार हुन्छन्। उनीहरूले जे सिकेका हुन्छन्- व्यवहारमा त्यो लागू हुँदैन। जब व्यवसायमा आउँछन्, उनीहरू निराशाका शिकार हुन्छन्।

(२) *त्रिवि*को कानून शिक्षाको पाठ्यक्रम १९औं शताब्दीको अष्टिनवादी विश्लेषणात्मक मतमा आधारित कानूनशास्त्र एवम् वेन्थमवादी उपयोगीतावादी संस्कार र दर्शनबाट प्रभावित छ। यसअन्तर्गत विद्यार्थीलाई व्यवहार र विज्ञानमा आधारित नभएका कोरा सिद्धान्तहरूको विवरण मात्र दिइन्छ। अतः विद्यार्थीले लिएको ज्ञान उसले समाधान गर्नुपर्ने जटिल व्यावहारिक कानूनी समस्याको समाधानमा प्रयुक्त हुँदैन।

(३) शिक्षकहरूलाई पठन-पाठन गर्ने पद्धति र प्रक्रियाको बारेमा प्रशिक्षण दिइँदैन। कानूनको जानकारी हुनु र कानूनको शिक्षण गर्ने क्षमता हुनु एउटै कुरा होइन। एउटा वकीलले

राम्रो बहस गर्न सक्तछ । तर, कानूनको शिक्षण गर्न सक्तछ भन्ने छैन । कानूनको शिक्षण विधिमा रहेको एउटा संवेदनशील विशेषता भनेको कानूनका सिद्धान्तलाई तथ्यमा वैज्ञानिक ढंगले प्रयोग गर्नसक्ने सीप दिनु पनि हो । यो शिक्षा व्यावसायिक प्रयोगजन्य भएकाले विद्यार्थीले कानूनको अरु सामाजिक विधाहरूसँगको सम्बन्धलाई राम्ररी बुझ्न सक्नुपर्दछ । तर, *त्रिवि*का क्याम्पसहरूमा कानून पठन-पाठनको वैज्ञानिक विधिको प्रयोग हुँदैन । शिक्षकहरू घण्टौँ-घण्टा व्याख्यान दिन्छन् र घुमाउरा प्रश्नहरूको उत्तर हेरी विद्यार्थीको मूल्याङ्कन गर्दछन् ।

(४) विद्यार्थीहरूलाई पढ्न उत्प्रेरित गर्ने प्रयास नहुनु र विद्यार्थीले पढ्ने भौतिक वातावरण नै नहुनु अर्को महत्त्वपूर्ण समस्या हो । यस समस्याले संस्थाप्रति विद्यार्थीको स्वामित्वको धारणा सिर्जना गर्दैन ।

यी समस्याहरू नेपालमा कानूनको शिक्षण गर्ने संस्थाहरूका मात्रै समस्या भने होइनन् । जुन-जुन देशहरूले परम्परागत पठन-पाठनको प्रणाली लागू गरेका छन्, ती सबै देशमा कानूनको शिक्षाले त्यस्तै समस्याहरू भोगिरहेका छन् । सन् १९६० को दशकमा अमेरिका यी परम्परावादी मान्यतालाई फ्याँकी कानूनको शिक्षालाई आधुनिक प्रणालीमा बदल्ने पहिलो देश हो । त्यसले प्राप्त गरेको ठूलो सफलताले सन् १९८० देखि नै क्यानेडा, अष्ट्रेलिया, न्यूजील्याण्ड, सिंगापुर र बेलायतलाई पनि प्रभावित पाऱ्यो भने यूरोपका अधिकांश देशहरूले समेत आफ्ना कानूनका पाठ्यक्रमहरूमा व्यापक सुधार गरे । सन् १९९० तिर एसियाली देशहरूमा समेत यो परिवर्तनले जग हाल्यो । नेपालमा नै पनि सन् १९९२ मा कार्यमूलक कानूनी शिक्षाको कार्यक्रम अथक प्रयासबाट थालनी भयो । तर, *त्रिवि*को अजिंगर कर्मचारीतन्त्र र निराशावादी शिक्षकतन्त्रभित्र त्यो कार्यक्रम तीन वर्षमा नै बन्द भयो ।

अमेरिकामा शुरुवात भएको कानूनी शिक्षाको परिवर्तितस्वरुपका केही महत्त्वपूर्ण विशेषताहरू थिए । तिनै विशेषताहरूले कानूनी शिक्षालाई प्रभावकारीमात्रै बनाएन, असंख्य जेहेनदार विद्यार्थीको आकर्षणको केन्द्रमात्रै पनि बनाएन, त्यसले मूलभूत रुपमा कानूनलाई नै विज्ञानको रुपमा स्थापित गऱ्यो । कानूनको शिक्षामा त्यहाँका शिक्षकहरूको क्रान्तिले न्यायव्यवस्थालाई समेत 'ब्रम्हवाद'बाट 'वस्तुवाद'तर्फ रुपान्तरित गर्न सक्यो । ती विशेषताहरू निम्न थिए-

(१) शिक्षकहरूले कानूनका सिद्धान्तलाई कानूनका समस्यामा आधारित गरी पठन-पाठन गर्ने प्रणालीको विकास गरे । यस प्रणालीले 'विद्यार्थी केन्द्रित' पठन-पाठनको शुरुवात गऱ्यो । दिइएको समस्याको कानूनी समाधान खोज्ने जिम्मा विद्यार्थीमा नै भएबाट, ऊ शिक्षकको व्याख्यान सुन्ने सुगा होइन, समाधानको संरचना निर्माण गर्ने अभियन्ता बन्यो । उसमा सिर्जनात्मक सोचाइ र समालोचनात्मक दृष्टिकोणको विकास भयो । उसको सोचाइमा रहने भाग्यवाद र अकर्मण्यताका स्थानमा व्यावहारिक वैज्ञानिक अवधारणाहरूले जग हाले । अतः कानून व्यवसायी अनुसन्धानमूखी अभियन्त्रमा परिणत भयो ।

(२) कार्यमूलक सहभागिता कार्यक्रमद्वारा विद्यार्थीहरूलाई उसले भविष्यमा गर्ने व्यवसायसँग जोडियो । परिणामस्वरुप विद्यार्थीले वास्तविकताको अनुभव गर्न सक्यो । उसले बुझेको कानून र व्यवहारमा लागू रहेको कानूनको भिन्नता बुझ्न सक्यो । सीधै पक्षसँग काम गर्ने मौकाले उसको अनुभवलाई एकातर्फ सुदृढ गऱ्यो भने अर्कोतर्फ व्यवसायप्रति उसको विश्वास र भरोसामा व्यापक विकास भयो । कानून व्यवसायीको पेशा निरासाबाट विकासतर्फ अगाडि बढ्यो ।

(३) अभ्यास-अध्ययनको व्यवस्था अर्को महत्त्वपूर्ण पक्ष थियो । विद्यार्थीहरूले उपभोक्ता निकायमा कार्यरत रहेर अध्ययन गर्नुपर्ने परिपाटीले उसको व्यावसायिक दक्षतामा व्यापक विकास भयो । अर्कोतर्फ रोजगारीको समस्या नै रहेन । उसको मिहिनेत उसले कार्य गरेका स्थानमा लगानी हुन गयो ।

(४) अनुसन्धनात्मक कृतिहरू अर्को विशेषता हो, जसमा विद्यार्थीले कानून समाजको सन्दर्भको सम्बन्धमा खास समस्याको बारेमा अनुसन्धान गर्नुपर्दछ र कृतिहरू लेख्नुपर्दछ । यसले विद्यार्थीलाई समालोचनात्मक बनायो ।

(५) अभ्यास अदालत व्यावसायिक दक्षताको अभिवृद्धि गर्ने अर्को उपाय हो ।

(६) कनिष्ट साथी (Junior) लाई सुपरीवेक्षण गर्ने प्रक्रियाले विद्यार्थीलाई जिम्मेवार बनायो ।

(७) अदालतका मिसिलहरूको समालोचनात्मक टिप्पणी गर्नुपर्ने बाध्यताले न्यायिक मनोविज्ञान र न्यायिक सार्थकताको विश्लेषण गर्ने क्षमताको विकास भयो । यी विशेषताहरूले एकातर्फ सैद्धान्तिक ज्ञानलाई व्यावहारिक समस्यामा प्रयोग गर्ने सीपको विकास गर्दछ भने अर्कोतर्फ अनुभवबाट ज्ञान सिक्ने (Experiential Learning) लाई प्रवर्द्धन गर्दछ । साथसाथै यी विशेषताले विद्यार्थीलाई विद्यार्थीकालदेखि नै व्यावसायिक नैतिकता र दक्षताको विकास गर्न मद्दत गर्दछन् ।

नेपालको कानूनी शिक्षाको असफलता यिनै विशेषताको अभावमा निहित रहेको छ । मूलभूतरुपमा भन्ने हो भने निम्न कुराहरूलाई द्रष्टव्यको रुपमा प्रस्तुत गर्न सकिन्छ -

(१) पठन-पाठनका सम्पूर्ण ढाँचा र पद्धति 'विद्यार्थी केन्द्रित' छैनन्, बरु 'शिक्षक केन्द्रित' छन् । विद्यार्थीले समय र समस्याको मागअनुरुप के सिक्नुपर्ने हो र उसले त्यो कसरी सिक्न सक्दछ, त्यो महत्त्वपूर्ण मानिँदैन । बरु विद्यार्थीले त्यो सिक्न बाध्य हुनुपर्दछ जो शिक्षकले जानेको छ । शिक्षकले जे जानेको छ त्यो मात्रै सत्य हो भन्ने ठानिन्छ ।

(२) विद्यार्थीले विद्यार्थी जीवनताका न त व्यवसायको विशेषताको बारेमा जान्न पाउँछ, न त अनुभूति नै गर्न सक्तछ । उसलाई व्यावसायिक सम्पर्कबाट पूरै टाढा राखिन्छ । अतः उसले के गर्नुपर्ने हो भन्ने कुरा व्यवसायमा आएपछि मात्रै थाहा पाउँछ र ऊ अत्तालिन्छ ।

(३) शिक्षकले आफूलाई मालिक र विद्यार्थीलाई तुच्छ ठान्ने संस्कृति हाम्रो समाजमा व्याप्त छ र कानूनको शिक्षामा पनि यसको प्रभाव छ । विद्यार्थीहरूले केही जान्दैनन् भन्ने भावनाले गर्दा शिक्षकहरू विद्यार्थीलाई आफ्ना मान्यताहरू थोपर्ने प्रयत्नमा हुन्छन् । उनीहरू विद्यार्थीहरूका खास चाहनाको कदर गर्दैनन् ।

अतः कानूनी शिक्षाको सुधार भन्नाले केवल पाठ्यक्रममा के थप्ने ? के झिक्ने भन्ने कुरालाई मात्रै समेट्दैन । त्यसैगरी कानूनी शिक्षाको सुधार भन्नाले कति वर्षमा डिग्री दिने भन्ने कुरालाई मात्रै पनि जनाउँदैन । पठन-पाठनको पद्धति र शिक्षक एवम् विद्यार्थीको मानसिकतामा परिवर्तनको पक्षलाई समेत यसले समेट्छ । अतः वर्तमान कानूनी शिक्षाको सुधार भन्नाले उपरोक्त समस्याहरूको समाधानतर्फ इमानदारीपूर्वक लागिपर्नुलाई जनाउँछ ।

सन् १९९९ मा पूर्वाञ्चल विश्वविद्यालयद्वारा पारित १०+२ पछिको ५ वर्षे *एलएलबी* कार्यक्रमअन्तर्गत हाल *काठमाडौं स्कूल अफ ल*मा पठन-पाठन भइरहेको छ र यस वर्ष पहिलो उत्पादन बजारमा आउँदैछ । यसले देखाउने नतिजाको लेखाजोखा हुन बाँकी छ । तर, निम्न विशेषताहरूले सकारात्मक विकासतर्फ इंगित गर्दछन्-

(१) कलेज परिसरभित्र दुईवटा कार्यमूलक (Clinic) केन्द्रहरू सञ्चालन गरिएका छन्, जसमा प्रथम वर्षदेखि नै विद्यार्थीहरूले सहभागिता दिनुपर्दछ ।

(२) अभ्यास अदालतलाई तेस्रो वर्षदेखि पाठ्यक्रममा नै अनिवार्य गरिएको छ । विद्यार्थीहरूले पटक-पटक विभिन्न मुद्दामा बहसपैरवीमा संलग्न रहनुपर्दछ ।

(३) अनुसन्धानको आधारभूत ज्ञान दिने प्रयोजनका लागि प्रत्येक वर्ष तीन दिनको आवासीय प्रशिक्षण गरिन्छ ।

(४) विद्यार्थीले प्रत्येक तहमा प्रत्येक विषयमा अनुसन्धानात्मक कार्यपत्र तयार गरी प्रस्तुत गर्नुपर्दछ ।

(५) चौथो वर्षका विद्यार्थीहरूले विभिन्न निकायमा अभ्यास अध्ययनमा रहनुपर्दछ र प्रतिवेदन प्रस्तुत गर्नुपर्दछ ।

(६) अनुसन्धान परियोजना विकास गरी कार्यसम्पादन गर्नुपर्दछ ।

(७) विभिन्न विषयका ३ दिनदेखि १० दिनसम्मका आवासीय सेमिनारहरू आयोजना गरिन्छन् । र, विद्यार्थीहरू विभिन्न कार्यालय तथा ल फर्महरूमा अभ्यास अध्ययनमा सरिक रहन्छन् । 'स्ट्रिट ल' कार्यक्रमअन्तर्गत समुदायमा काम गर्दछन् ।

कक्षाहरू अन्तर्क्रियामा आधारित छन् । शिक्षकले दिने व्याख्यान सम्पूर्ण समयको ३० प्रतिशतभन्दा बढी रहँदैन । बाँकी समय यसै विषयमा विद्यार्थीमा प्रस्तुति, छलफल र अनुसन्धानमा समर्पित रहेका छन् । यी आधुनिक पद्धतिले विद्यार्थीलाई समालोचनात्मक र सिर्जनात्मक बनाएको कुरामा विवाद छैन । अतः पूर्वाञ्चल विश्वविद्यालयद्वारा सञ्चालित कार्यक्रमलाई परम्परागत प्रणालीबाट अग्रसरतातर्फको यात्राको थालनी हो भन्न सकिन्छ । यी पद्धतिहरूलाई लागू गर्न उपयुक्त कक्षाकोठा, उपकरण, पर्याप्त पुस्तकालय र पूर्णकालीन शिक्षकहरू व्यवस्था गरिएको छ । निम्न व्यवस्थाहरूले यी पद्धतिको लागू गर्न सम्भव बनाएको छ-

(१) पूर्णकालीन शिक्षकले पूरै समय कलेजलाई दिनुपर्दछ । उसलाई हप्तामा २ वटासम्म मुद्दा वकालत गर्न छूट दिइएको छ ।

(२) प्रत्येक विषयको लागि प्रमुख शिक्षक र सहायक शिक्षक तोकिएको छ । सहायक शिक्षकले प्रमुख शिक्षकको सल्लाह र सुझावमा पाठ्ययोजना बनाई अध्यापन गर्नुपर्दछ ।

(३) कक्षामा दुवै शिक्षकहरूको उपस्थिति अनिवार्य रहन्छ । जसले गर्दा विद्यार्थीहरूप्रति पूरै ध्यान दिन सकिन्छ ।

(४) प्रत्येक ६ महिनामा शिक्षकहरूको पुनर्ताजगी प्रशिक्षण गरिन्छ ।

यी प्रक्रियाहरूले शिक्षक र विद्यार्थीबीचको सम्बन्ध अभिभावक र छोराछोरीको जस्तो बनाएको छ । विद्यार्थीहरूमा सिक्ने अभिरुची जगाइएको छ । आशा गरौं- आउने दिनहरूमा नेपालको कानूनी शिक्षाले विकास गर्दै जानेछ ।

**पाद टिप्पणी**

१. नेपालमा भारतको प्रभावले कानूनशास्त्रको स्थानमा 'विधिशास्त्र' भन्ने चलन प्रचलित छ । नेपाली भाषा एवम् यसको स्रोत संस्कृत भाषामा समेत 'विधि' ले सारभूत ज्ञानलाई होइन 'प्रक्रिया' लाई जनाउँछ । जुरिसप्रुडेन्स विज्ञान हो । यसैले प्रक्रियालाई मात्रै जनाउँदैन । त्यसैले कानूनलाई 'विधि' र कानूनको दर्शन, सिद्धान्त एवम् विज्ञानलाई जनाउने शास्त्रलाई 'विधिशास्त्र' भन्नु त्रुटिपूर्ण छ । 'कानूनशास्त्र' भन्नु सार र भावयुक्त हुन्छ ।

२. १२औं शताब्दी वरिपरिको समयमा ।

३. केही महिना अगाडिको कुरा हो । कानूनका विद्यार्थीहरूलाई अदालतमा स्थगित वा ढिलाइमा परेका मुद्दाका मिसिलहरूको अध्ययन गर्न लगाई संक्षिप्त बुँदा टिपोट तयार पार्न लगाउने बारेमा छलफल भयो । केही दातृसंस्थाहरू त्यसका लागि केही आर्थिक सहयोग उपलब्ध गराउन समेत तयार थिए । त्यसबाट एकातर्फ न्यायपालिकालाई सहयोग हुने थियो, अर्कातर्फ विद्यार्थीहरूले केही आर्जन गर्न सक्ने थिए । साथै उनीहरूमा उनीहरूले भविष्यमा अपनाउनुपर्ने पेशाको बारेमा थाहा र व्यावहारिक ज्ञान पनि पाउने थिए । तर, न्यायपालिकाका ठालुहरूले यस कार्यक्रमलाई लागू हुन दिएनन् । उनीहरूका दृष्टिमा न्यायपालिकाभित्र बाहिरका मानिस आउन राम्रो हुँदैन भन्ने भएछ । कानूनका विद्यार्थी बाहिरका मानिस हुन्छन् भने भविष्यको न्यायपालिका कसले सञ्चालन गर्ला ?

४. राष्ट्रिय योजना आयोगले विकासका संरचना र नीतिहरू निर्माण गर्दछ । यस्ता विकासका कार्यक्रम र नीतिहरूको कार्यान्वयन कानूनद्वारा हुनुपर्ने हुन्छ । तर, देशको विकासमा कस्ता कानूनहरू निर्माण हुनुपर्दछ भन्ने अनुसन्धान र कानूनी व्यवस्थाको विकासको योजना निर्माण यस निकायको सोचाइ, कार्य र क्षेत्राधिकारमा नै पर्दैन । यो एउटा तीतो सत्य र विडम्बना हो । अनि, यो कुरा कानूनविद्हरूको पनि चासोको विषय होइन ।

५. पाठ्यक्रमको निर्धारण आवश्यकतामा आधारित नभई शिक्षकहरूका निजात्मक विचार वा अवधारणाबाट प्रभावित भएका छन् । विद्यार्थीले के सिक्नुपर्ने आवश्यकता छ, खोजबीनको विषय होइन । बरु शिक्षकले के जानेको छ त्यो सत्य हुन्छ । यस गलत अवधारणाले सम्पूर्ण पाठ्यक्रमलाई प्रभावित पारेको छ । ●